# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः६ संख्याः१४ मितिः २०७९\०९\२१

भाग–२

## लिखु तामाकोशी गाउँपालिका

# लिखु तामाकोशी गाउँपालिकाको शिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी कार्यविधि,२०७९

**प्रस्तावना :**

लिखु तामाकोशी गाउँपालिकाको क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक तथा कर्मचारीहरूको अभावलाई परिपुर्ति गरी शैक्षिक गुणस्तरलाई माथि उठाई विद्यालय शिक्षाको सुदृढीकरण एवम् शिक्षण सिकाइलाई प्रभावकारी बनाउने उद्देश्य राखी स्थानीय सरकार सन्चालन ऐन दिएको अधिकार तथा लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २००७७ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी यस लिखु तामाकोशी गाउँपालिकाले **शिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी कार्यविधि २०७९** बनाई गाउँपालिका क्षेत्र भित्र लागू गरेको छ।

## परिच्छेद – १

**१.सक्षिप्त नाम र प्रारम्भ**

क**.** यो कार्यविधिको नाम "**शिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी कार्यविधि २०७९"** रहेको छ।

ख**.** यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरे पश्चात् लागू हुनेछ।

ग**.** यो कार्यविधि लिखु तामाकोशी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. परिभाषा**ः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क. '**ऐन'** भन्नाले लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २०७७ लाई सम्झिनु पर्छ।

ख. **'विद्यालय'** भन्नाले यस कार्यविधि प्रयोजनका लागि गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयलाई सम्झिनु पर्छ।

ग. '**शिक्षक'** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक सम्झिनु पर्दछ। सो शब्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त सहजकर्तालाई समेत बुझाँउछ।

घ. '**कर्मचारी'** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी नियुक्त सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारीहरूलाई सम्झिनु पर्छ।

ङ. **'अनुदान'** भन्नाले शिक्षक कर्मचारीहरूको अभाव पूर्ति गर्न विद्यालयमा स्थायी दरबन्दी सिर्जना नहुञ्जेलसम्मका लागि पालिकाले प्रदान गर्ने अनुदान सम्झिनुपर्छ।

च. अन्य परिभाषा लिखु तामाकोशी गाउँपालिकाको शिक्षा ऐन २०७७ र शैक्षिक व्यवस्थापन कार्यविधि २०७९ बमोजिम हुनेछ।

## परिच्छेद – २

३. गाउँपालिकाले विद्यालयहरूलाई शिक्षक तथा कर्मचारी अनुदान देहायका बमोजिम शिक्षा समितिको मूल्याङ्कन तथा सिफारिसका आधारमा विद्यालय छनौट गरी अनुदान उपलब्ध गराउने छ।

क. विद्यालयमा सञ्चालित तह र कक्षा,

ख. विद्यालयमा भएको दिद्यार्थी संख्या ,

ग. विद्यालयमा उपलब्ध दरबन्दी संख्या र जेष्ठता,

घ. विद्यालयमा पढाइ हुने विषयहरू,

ङ. विद्यालयको सेवा क्षेत्र र विद्यालयको पृष्ठभूमि ,

च. विद्यालयको सिकाइ उपलब्धि, शैक्षणिक योजना र कार्यसम्पादन,

छ. शिक्षा समिति र गाउँकार्यपालिकाले तोकेका अन्य आधारहरू।

## परिच्छेद – ३

## शिक्षक तथा कर्मचारी छनौट र नियुक्ति प्रक्रिया

४. गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी शिक्षक तथा कर्मचारी छनौट र नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिने छ।

क. गाउँपालिकाले आफ्नै अनुदानबाट शिक्षक कर्मचारी नियुक्ति गर्दा देहाय बमोजिमको छनौट समिति हुने छ।

- प्रमुख प्रशासकीय अधिकृत – संयोजक
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको एकजना अधिकृत – सदस्य
- सम्बन्धित वषय विज्ञ – सदस्य
- शिक्षा अधिकृत/ शाखा प्रमुख – सदस्य सचिव

ख. दफा ३ बमोजिमका गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी शिक्षक/कर्मचारी नियुक्ति गर्न योग्यता तोकी समितिले १५ दिनको विज्ञापन गर्नु पर्ने छ।

ग. विज्ञापन गर्दा विद्यालयको आवश्यता र विद्यालयको विषयगत मागलाई ख्याल गरी गर्नु पर्ने छ।

घ. आधारभूत तह (६-८) र माध्यामिक तह (९-१२) का लागि शिक्षक नियुक्ति गर्दा कम्प्युटर, अंग्रेजी, गणित र विज्ञान विषयलाई प्राथमिकता दिनुपर्ने छ।

ङ. शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिको सिफारिसमा विद्यालयले गर्नु पर्ने छ।

च. गाउँपालिकाले छनौट गरेको विद्यालयमा सो विषयको शिक्षक/ कर्मचारी विद्यालयको निजीस्रोतमा कार्यरत भएमा उक्त कार्यरत शिक्षक/ कर्मचारीलाई प्राथमिकतामा राखेर आवश्यक योग्यता र विद्यालयको सिफारिसमा नियुक्ति गरिने छ। साथै अन्य शिक्षक/कर्मचारीहरूको लिखित तथा मौखिक परिक्षा कानुनबमोजिम हुनेछ।

## परिच्छेद – ४

## विद्यालयमा शिक्षक तथा कर्मचारी अनुदान रकम

५. गाउँपालिकाले उपलब्ध गराउने अनुदान देहाय बमोजिमको विद्यालयको तह, विषय र अनुदान रकम अनुसार उपलब्ध गराउने छ।

| क्र.स. | विषय | सङ्ख्या | तह | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| क. | कम्प्युटर/ गणित/ विज्ञान/ अग्रेजी | १२ | माध्यमिक | २२,५००। | गाउँपालिकाले १३ महिना बराबरको तलबभत्ता प्रदान गर्ने छ। साथै विद्यालयले आफ्नो आन्तरिक स्रोतबाट तलबभत्ता थप गर्न पनि सक्ने छ। |
| ख. | कम्प्युटर/ गणित/ विज्ञान/ अग्रेजी | ३ | निम्न माध्यमिक | १८,५००। | |
| ग. | बालविकास सहजकर्ता | ४ | - | १२,०००। | |
| घ. | कार्यालय सहयोगी | ४ | - | १२,०००। | |
| ङ. | स्वीकृत सङ्घीय दरबन्दीमा कार्यरत बालविकास सहजकर्ता तथा कार्यालय सहयोगीको सङ्घीय सरकारले तोकेको तलबमा गाउँपालिकाले थप गरी मासिक रू. १५,००० को दरले १३ महिना बराबरको तलब प्रदान गरिने छ। साथै विद्यालय कर्मचारीको सङ्घीय सरकारले तोकेको तलबमा थप गरी २०,५०० को दरले १३ महिना बराबरको तलब प्रदान गरिने छ। | | | | |

६. विद्यलयमा उपलब्ध गराइने गाउँपालिकाको अनुदान देहाय बमोजिमको अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसका आधारमा गाउँकार्यपालिकाले रोक्का वा बन्द गर्न सक्ने छ।

क. शिक्षक तथा कर्मचारीको दरबन्दी स्थायी रूपमा सिर्जना वा पदपूर्ति भई आएमा।

ख. संघ वा प्रदेश सरकारबाट शिक्षक तथा कर्मचारीको व्यवस्थापनका लागि अनुदान प्राप्त भएमा।

ग. विद्यालय समायोजन तथा कक्षा घटुवा भएमा।

घ. गाउँ कार्यपालिकाले मनासिव ठहराइका अन्य आधारहरू।

## परिच्छेद – ५

## प्रधानाध्यपकको थप भत्ता सम्बन्धी व्यवस्था

६. प्रधानाध्यपकको खाइपाई आएको भत्तामा गाउँपालिकाले देहाय बमोजिम थप भत्ता व्यवस्था गर्न सक्ने छ।

क. माध्यामिक तह ९-१२ मा ५०० मा ८०० थप गरी रू. १३०० का दरले १३ महिनाको,

ख. माध्यामिक तह ९-१० मा ५०० मा ७०० थप गरी रू. १२०० का दरले १३ महिनाको,

ग. आधारधूत तह १-८ मा ३०० मा ५०० थप गरी रू. ८०० का दरले १३ महिनाको,

घ. आधारधूत तह १-५ मा २०० मा ३०० थप गरी रू. ५०० का दरले १३ महिनाको,

ङ. प्रधानाध्यपकलाई थप कार्यसम्पादनका आधारमा सम्मान तथा पुरस्कार प्रदान गरिने छ।

## परिच्छेद – ६

## करारमा शिक्षक छनौट गर्दा पाउने पारिश्रमिक/भत्ता सम्बन्धी व्यवस्था

७. विद्यालयमा रिक्त हुन आउने स्वीकृत करार दरबन्दीमा शिक्षक/कर्मचारी नियुक्ति गर्दा गाउँपालिकाले विषयविज्ञ एवम् छनौट समितिलाई देहाय बमोजिम पारिश्रमिक/ भत्ता व्यवस्था गर्ने छ।

क. माध्यामिक तह विषयविज्ञ – रू. ५००० पारिकश्रमिक कर बाहेक

ख.आधारभूत तह विषयविज्ञ – रू.४००० पारिकश्रमिक कर बाहेक

ग. कर्मचारीबाल सहजकर्ता र कार्यालय सहयोगीको , विषयविज्ञ – रू. ३००० पारिकश्रमिक कर बाहेक

घ. छनौट समितिका अन्य पदाधिकारीको हकमा– प्रति बैठक नियमानुसार पाउने भत्ता हुने।

## परिच्छेद – ७

## विविध

८. **अनुगमनः** विद्यालयहरूलाई प्रदान गरिएको अनुदान रकम प्राप्त गरे नगरेको सम्बन्धमा गाउँपालिकाले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा अनुगमन गर्न सक्ने छ।

९. **संसोधनः** यस कार्यविधिमा संसोधन गर्नुपर्ने भएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ।

१०. **प्रचलित कानुन लागू हुनेः** यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुनमा भएको व्यवस्था लागू हुनेछ।

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०७९/०९/२१ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु।

(बिनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७९/०९/२१